नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः ०७५/७६ ४.१
चलानी नं. 823

मितिः २०७६/३/२

**विषयः स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको (सुत्र) कार्यान्वयन सम्बन्धमा।**

श्री प्रमुख कोष नियन्त्रक/ कोष नियन्त्रक
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सवै।

सवै स्थानीय तहका आर्थिक कारोवारहरुको बजेटिङ्ग, लेखाङ्कन र प्रतिवेदन प्रणालीमा सहजता, शिघ्रता र प्रभावकारीता ल्याउने उद्देश्यले सवै स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) लागु गर्ने भनी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७६/१/१७ मा भएको निर्णय अनुसार यस कार्यालयले आगामी आर्थिक वर्ष २०७६/०७७ मा सवै स्थानीय तहमा सुत्र सफ्टवेयर प्रयोग वारे ज्ञान र सीप सिकाउन सवै कोलेनिकाहरु मार्फत स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई सुत्र प्रयोगकर्ता प्रशिक्षण दिइएको व्यहोरा अवगत छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ प्रत्येक गाउँपालिका तथा नगरपालिकाले असार दश गतेभित्र आगामी आ.व.को राजस्व र व्यय (बजेट)को अनुमान सभा समक्ष पेश गर्ने व्यवस्था रहेको छ।

सवै स्थानीय तहले आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्ने कार्य सुरुवात गरिरहेको हुँदा सुत्र प्रणालीको प्रयोग मार्फत बजेत तर्जुमा गर्ने कार्यलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखी कोलेनिका मार्फत आवश्यक समन्वय र सहजीकरण गर्न यस कार्यालयले सवै प्रदेशका लागि संयोजक समेत तोकेको छ।

सवै कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखले आ-आफ्नो जिल्लाभित्रका सवै स्थानीय तहलाई सुत्र प्रणाली प्रयोग गरी बजेट तयारी गराउन आवश्यक समन्वय र सहजीकरण गर्ने, आवश्यक पर्दा कर्मचारी खटाई सुत्र कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखी कार्य गर्नु हुन र सो कार्य गर्दा लाग्ने खर्चको व्यवस्थापन यस कार्यालयबाट गरिने छ।

अतः आफ्नो जिल्लाभित्रका प्रत्येक स्थानीय तहलाई अनिवार्य रुपमा सुत्र प्रणालीबाट बजेट तयार गर्न आवश्यक व्यवस्था मिलाई दैनिक रुपमा तोकिएको संयोजक समक्ष लिखित रुपमै प्रतिवेदन हुन र कोष प्रमुखबाट प्राप्त प्रतिवेदनका आधारमा संयोजकले दैनिक रुपमा सह-महालेखा नियन्त्रक र महालेखा नियन्त्रक समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यहोरा अनुरोध छ।

**दैनिक प्रतिवेदन गर्नुपर्ने विषयहरु**

- आफ्नो जिल्ला भित्रका कुन कुन स्थानीय तहले आ.व.२०७६/७७ को बजेट तर्जुमा गर्न सुत्र प्रणाली प्रयोग गरेका छन् ?
- सुत्र प्रयोग गर्दा स्थानीय तहले व्यहोरका समस्मा के के छन्।
- सुत्रको प्रयोग गरी बजेट तर्जुमाको लागि तहाँबाट के कस्तो समन्वय र सहजीकरण भएको छ ?
- मलेनिकाको तर्फबाट गर्नपर्ने सहयोग/सुधारहरु ?

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं. ४२३

**संयोजक समूह**

प्रदेश नं. १ उप-महालेखा नियन्त्रक श्री बाबुराम सुवेदी
प्रदेश नं. २ उप-महालेखा नियन्त्रक श्री भेषप्रसाद भुर्तेल/हेमराज पौडेल
प्रदेश नं. ३ उप-महालेखा नियन्त्रक श्री दिनेश रेग्मी/डिलाराम गिरी
गण्डकी प्रदेश उप-महालेखा नियन्त्रक श्री सुवासचन्द्र सिवाकोटी/प्रकाश पुडासैनी
प्रदेश नं. ५ उप-महालेखा नियन्त्रक श्री निरज के.सी.
कर्णाली प्रदेश उप-महालेखा नियन्त्रक श्री मुन कुमार के.सी./रेशम कुमार खत्री
सुदूरपश्चिम प्रदेश उप-महालेखा नियन्त्रक श्री रुद्र प्रसाद भट्ट/ले.अ.दाताराम शर्मा

रमेशप्रसाद सिवाकोटी
सहमहालेखा नियन्त्रक

**सादर अवगतार्थ**

श्रीमान् महालेखा नियन्त्रकज्यू,
महालेखा नियन्त्रक कार्यालय, अनामनगर ।

**बोधार्थ**

श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सवै ।

"नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"
अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

tms@fcgo.gov.np